**अनुसूची २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

**चौरजहारी नगरपालिका**

# स्थानीय राजपत्र

खण्ड : ५ | संख्या : ०९ | मिति : २०७८/०५/१३

**भाग-२**

**चौरजहारी नगरपालिका**

**प्रमाणित मिति :-** २०७७/०५/१७

**प्रथम पटक संशोधन**

**संशोधन मिति :-** २०७८/०५/१७

## चौरजहारी नगरपालिका अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७८

चौरजहारी नगरपालिका

**प्रस्तावना :** स्वास्थ्य सेवामा प्रभावकारी रुपमा सबैको पहुँज सुनिश्चित गर्नका लागि फार्मेसी विषयका दक्ष जनशक्ती मार्फत अस्पतालबाट आफ्नै फार्मेसी सेवा सञ्चालन गरी बिरामी एवं सेवाग्रहीहरुलाई सुलभ एवं गुणस्तरीय सेवा पुऱ्याउन (सुशासन व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ तथा स्थानीय सरका सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को झ.९ ले ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले देहायको निर्देशिका बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम **"चौरजहारी नगरपालिका अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७७"** रहनेछ ।

(२) यस निर्देशिका नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,**

(१) **"नगरपालिका"** भन्नाले चौरजहारी नगरपालिकालाई सम्झनु पर्दछ ।

(२) **"अस्पताल"** भन्नाले सरकारको पुर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको वा प्रचलित कानून बमोजिम सञ्चालनमा रहेको सरकारी अस्पताल वा स्वास्थ्य संस्थाहरु सम्झनु पर्दछ ।

(३) **"फार्मेसी सेवा"** भन्नाले अस्पतालहरुमा सञ्चालनमा रहेका वा सञ्चालन गरिने औषधी तथा औषधीजन्य पदार्थ वा सामग्रीबाट दिइने सेवा सम्झनु पर्दछ ।

(४) **"समिति"** भन्नाले दफा ३ बमोजिम गठित अस्पताल फार्मेसी तथा थेराप्युटिक समिति सम्झनु पर्दछ ।

(५) **"अस्पताल फर्मुलरी"** भन्नाले अस्पतालमा प्रयोग हुने औषधी तथा औषधीजन्य पदार्थ वा सामग्रीहरुको विवरण पुस्तिका सम्झनु पर्दछ ।

(६) "सरकार" भन्नाले संघ, प्रदेश तथा स्थानीय सरकारलाई सम्झनु पर्दछ ।

३. **अस्पताल फार्मेसी तथा थेराप्युटिक समिति** : अस्पतालमा औषधी वा औषधीजन्य पदार्थ वा सामग्रीहरुबाट दिइने सेवा व्यवस्थित एवं प्रभावकारी रुपमा सञ्चालन गर्न गराउन देहाय बमोजिमको अस्पताल फार्मेसी तथा थेराप्युटिक समिति गठन हुनेछ ।

| | | |
|---|---|---|
| (क) अस्पताल प्रमुख वा निजले तोकेको वरिष्ठ चिकित्सक | : | अध्यक्ष |
| (ख) चिकित्सकीय प्रमुख वा ईकाइ प्रमुखहरु | : | सदस्य |
| (ग) नर्सिङ विषय हेर्ने प्रमुख | : | सदस्य |
| (घ) प्रशासन शाखा प्रमुख | : | सदस्य |
| (ङ) आर्थिक प्रशासन शाखा प्रमुख | : | सदस्य |
| (च) अस्पताल फार्मेसी प्रमुख | : | सदस्य-सचिव |

४. **समितिको काम, कर्तव्य र अधिकार** : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) अस्पताल फार्मेसीमा राखिने औषधी र औषधीजन्य पदार्थ वा सामग्रीको सूची निर्धारण गर्ने ।

(ख) आवश्यकता अनुसार औषधी वा औषधीजन्य पदार्थ वा सामग्रीका उत्पादक एवं आपुर्तिकर्ताहरुको पूर्वयोग्यता निर्धारण गर्ने ।

(ग) गुणस्तरको विश्वसनियताको आधारमा कुनै खास ब्राण्ड स्वीकृत वा अस्वीकृत गर्ने ।

(घ) अस्पताल फर्मुलरीको स्वीकृत दिने वा थपघट गर्ने ।

(ङ) औषधीको प्रतिकुल प्रभाव (Adverse Drug Reaction) को अनुगमन गर्ने

(च) अस्पतालबाट प्रदान गरिने उपचार सेवा सम्बन्धी निर्देशिका बनाउने ।

(छ) अस्पताल फर्मुलरीमा आधारित औषधीको सूची सहितको प्रेस्क्रिप्सनको ढाँचा तयार गर्ने ।

(ज) अस्पताल फार्मेसीको समय समयमा निरिक्षण, अनुगमन गर्ने ।

चौरजहारी नगरपालिका

(झ) अस्पताल फार्मेसी सेवा सञ्चालन सम्बन्धी विषयमा मन्त्रालयको निर्देशन कार्यान्वयन गर्ने गराउने ।

५. **समितिको बैठक सम्बन्धी व्यवस्था :** (१) समितिले बैठक कम्तीमा प्रत्येक दुई महिनामा बस्नेछ ।

(२) समितिको बैठक बस्नुभन्दा कम्तीमा अठ्चालीस घण्टा अगावै सदस्य सचिवले सबै सदस्यहरुलाई बैठकको कार्यसूची उपलब्ध गराउनु पर्नेछ ।

(३) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढि सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिन्छ ।

(४) बैठकको अध्यक्षता समितिले अध्यक्षले गर्नेछ ।

(५) समितिको बैठकको निर्णय उपस्थित सदस्यको बहुमतबाट हुनेछ । मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(६) समितिको बैठकको निर्णय समितिको सदस्य सचिवले प्रमाणित गर्नेछ ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. **अस्पताल फार्मेसी सञ्चालन समिति :** (१) अस्पताल फार्मेसी व्यवस्थित रुपमा सञ्चालन गर्न गराउन देहाय बमोजिमको फार्मेसी सञ्चालन समिति गठन हुनेछ ।

| | | | |
|---|---|---|---|
| (क) | अस्पताल प्रशासक प्रमुख | : | अध्यक्ष |
| (ख) | आर्थिक प्रशासन प्रमुख वा निजको प्रतिनिधि | : | सदस्य |
| (ग) | खरिद शाखा प्रमुख वा निजको प्रतिनिधि | : | सदस्य |
| (घ) | अस्पताल फार्मेसी प्रमुख | : | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको समितिका अन्य काम, कर्तव्य र अधिकार अस्पताल फार्मेसी तथा थेराप्युटिक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिमको समितिले बैठक सञ्चालन सम्बन्धी कार्यविधि अस्पताल फार्मेसी सञ्चालक समिति आफैँले निर्धारण गरे बमोजिम हुनेछ ।

७. **फार्मेसी प्रमुखको काम, कर्तव्य र अधिकार** : फार्मेसी प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

(क) समितिका निर्णयहरु कार्यान्वय गर्ने गराउने ।

(ख) समितिको बैठकका लागि प्रस्ताव तयार गरी पेश गर्ने

(ग) अस्पतालमा प्रयोग गर्ने औषधीको सूची तयार गर्ने गराउने

(घ) क्लिनिकल फार्मेसी सेवा प्रदान गर्न आवश्यक मिलाउने

(ङ) मातहतका कर्मचारीको सुपेरिवेक्षण गर्ने

(च) नियमित मौज्दात तथा म्याद गुज्रने मिति नजिक भएका औषधीहरुको रुजु गरी विक्री व्यवस्थापन गर्ने गराउने

(छ) समितिले तोकेका अन्य कार्यहरु गर्ने

गोरखा नगरपालिका

८. **औषधी तथा औषधीजन्य सामग्री र पदार्थको खरिद प्रक्रिया :** औषधी तथा औषधीजन्य सामग्री र पदार्थको खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिमको प्रक्रिया अवलम्बन गरी गर्नु पर्नेछ ।

९. **औषधी र औषधीजन्य पदार्थको विक्री मूल्य** : (१) औषधी र औषधीजन्य पदार्थको विक्री मूल्य निर्धारण गर्दा खरिद मूल्यमा बीस प्रतिशत नबढाई निर्धारण गर्नुपर्नेछ ।

तर यसरी विक्री मूल्य निर्धारण गर्दा अधिकतम खुद्रा मूल्य (Maximum Retail Prize, MRP) भन्दा बढि हुनुहुदैन ।

१०. **अस्पताल फार्मेसीको लागि जनशक्ती** : (१) अस्पातालले फार्मेसी सञ्चालनको लागि स्थायी जनशक्तीको व्यवस्था गर्नुपर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि स्थायी जनशक्ती उपलब्ध नहुन्जेलसम्मका लागि वैकल्पिक व्यवस्थाबाट फार्मेसी सञ्चालन गर्न बाधा पर्ने छैन् ।

(३) स्थायी जनशक्ती नेपाल स्वास्थ्य सेवाबाट र अन्य आवश्यक जनशक्ती अस्पतालले प्रचलित नियमानुसार पुर्ति गर्नेछ ।

(४) अस्पताल सञ्चालनका लागि कम्तीमा देहाय बमोजिमको जनशक्ती रहनेछ ।

| क्र.स. | अस्पताल/स्वास्थ्य संस्था | क्लिनिकल/ फर्मासिष्ट | फर्मासिष्ट | फार्मेसी सहायक | सहयोगी |
|---|---|---|---|---|---|
| १ | १५ शैयासम्मका अस्पताल | - | - | १ | १ |

**स्पष्टिकरण :** यस दफाको प्रयोजनको लागि क्लिनिकल फर्मासिष्ट भन्नाले क्लिनिकल फार्मेसी वा फर्मासिउटिकल केयरमा स्नातकोत्तर वा वि.फार्मेसीपछिको फर्मा डी गरेकोलाई सम्झनु पर्दछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएता पनि अस्पताल फार्मेसीले अस्पतालको शैया, कार्यबोझ र दैनिक कारोबारका आधारमा जनशक्तीमा थपघट गर्न सक्नेछ ।

तर, यसरी दरबन्दी थप गर्दा प्रति दश हजार रुपैयाँ प्रतिदिनको कारोवारमा एकजना भन्दा बढि थप गर्न सकिने छैन । मासिक कारोवार घटेको अवस्थामा थप दरबन्दी स्वतः खारेज हुनेछ ।

११. **अस्पताल फार्मेसीको भौतिक पूर्वाधार** : अस्पतालले फार्मेसी सञ्चालनको लागि औषधी विक्री वितरणको लागि आवश्यक औषधी वितरण कक्ष र भण्डारणको लागि पर्याप्त ठाउँको व्यवस्था गर्नुपर्नेछ ।

(२) औषधी वितरण कक्ष ओस नलाग्ने, सूर्यको प्रत्यक्ष प्रकाश नपर्ने र प्रर्याप्त भेण्टेलेसन भएको हुनपर्नेछ । औषधी तथा औषधीजन्य पदार्थको लेवलमा तोकिएको सञ्चय तापक्रम अनुकुल भण्डारण गर्नुपर्नेछ ।

(३) फार्मेसी सञ्चालन गर्ने ठाउँ सर्वसाधारणले सलिजै देख्ने हुनुपर्दछ र सम्भव भएसम्म अस्पतालको अगाडीको भागमा हुनुपर्दछ । आवश्यकता अनुसार एकभन्दा बढि फार्मेसी सञ्चालन गर्न सकिनेछ ।

(४) विरामीलाई परामर्श दिने उपयुक्त व्यवस्था मिलाउनु पर्नेछ ।

गौरादह नगरपालिका

(५) विक्री वितरण लागि अनुपयुक्त वा फर्काउनु पर्ने वा म्याद गुज्रेका वा नष्ट गर्नुपर्ने औषधी तथा औषधीजन्य सामग्री, असम्बन्धीत व्यक्तिको पहुँच नहुने गरी सुरक्षित राख्ने छुट्टै भण्डारणको व्यवस्था मिलाउनुपर्नेछ ।

(६) औषधी पूर्जा लिने, डिस्पेन्सन गर्ने र भुक्तानी लिने व्यक्ति र ठाउँ उपयुक्त व्यवस्था हुनुपर्नेछ ।

(७) औषधी वा औषधीजन्य सामग्रीको मौज्दात तथा खपत अभिलेख, विजकीकरण, औषधीको सूचना, लेवल औषधी सम्बन्धी समस्याहरुको जानकारी आदी संलग्न भएको उपयुक्त सफ्टवेयर सहितको कम्प्युटरको माध्यमबाट गर्नुपर्नेछ ।

(८) नेपाल सरकारबाट प्रदान गरिने नि:शुल्क औषधीहरु र औषधीजन्य सामग्रीहरुको सूची सबैले देख्न सक्ने गरी राख्नु पर्नेछ ।

(९) अस्पताल फार्मेसी सञ्चालनका अन्य पक्ष प्रचलित कानून बमोजिम हुनेछ ।

(१०) अस्पतालबाट नि:शूल्क प्रदान गरिने औषधीहरु र सो बाहेकका औषधीहरु स्पष्ट छुट्टिने गरी फार्मेसीमा राख्नुपर्नेछ ।

(११) अस्पताल परिसरमा औषधीको व्यापारिक प्रवर्द्धन सम्बन्धी कुनै पनि क्रियाकलाप गर्न पाइने छैन ।

तर, औषधीको बैज्ञानिक प्रस्तुती गर्नुपर्दा सामुहिक सहभागिता हुने गरी सभा सम्मेलनको रुपमा समितिको स्वीकृतीमा सञ्चालन गर्न बाधा पुग्ने छैन ।

**१२. विउ रकम (Seed Money) उपलब्ध गराउने** : (१) सरकारले अस्पताल फार्मेसी सञ्चालनका लागि विउ रकम उपलब्ध गराउन सक्नेछ ।

(२) सरकारले आवश्यक देखेमा उपदफा (१) बमोजिमको रकम अनुदानको रुपमा परिणत गर्न सक्नेछ ।

**१३. नि:शुल्क वितरण गरिने औषधी सम्बन्धमा** : (१) नेपाल सरकारबाट नि:शुल्क वितरण गर्ने भनी तोकिएको औषधी अस्पताल फार्मेसीले नि:शुल्क उपलब्ध गराउनु पर्नेछ ।

(२) नि:शुल्क वितरणका लागि तोकिएका औषधी र औषधीजन्य सामग्री तथा पदार्थको आवश्यकता अनुसार सरकारबाट प्रदान गरिने गर्ने अनुदान रकम वा औषधी खरिदका लागि प्राप्त रकमबाट खरिद गर्नुपर्नेछ ।

(३) कारणबस नि:शुल्क वितरण गरिने औषधीको मौज्दात नभएको अवस्थामा त्यस्तो औषधी नि:शुल्क गराउन फार्मेसी बाध्य हुने छैन ।

तर, नि:शुल्क वितरण हुने औषधी र औषधीजन्य सामग्रीको मौज्दात नभएको जानकारी सम्बन्धीत विरामीको प्रेस्क्रिप्सनमा फार्मेसीले जनाई दिनुपर्नेछ ।

(४) सरकारी अस्पतालहरुले नि:शूल्क औषधीहरु मौज्दातमा नभएमा पनि अति गरिबी र असहाय विरामीलाई नि:शुल्क दिने व्यवस्था गर्नुपर्नेछ र यो सेवा प्राप्त गर्ने विरामीहरुको विस्तृत विवरण सहितको अभिलेख मासिक रुपमा सार्वजनिक गर्नुपर्नेछ ।

१४. **निःशुल्क औषधी प्राप्तको विवरण :** (१) सबै अस्पतालहरुले कुनै पनि स्रोतबाट निःशूल्क रुपमा प्राप्त भएका वा कुनै कम्पनीबाट बोनस स्वरुप प्राप्त भएका औषधी र औषधीजन्य सामग्रीहरु निःशुल्क रुपमा प्रदान गर्नुपर्नेछ ।

(२) औषधी र औषधीजन्य सामग्रीहरु निःशुल्क प्राप्त गर्दा अस्पताल फर्मुलरीमा सूचीकृत औषधीहरुमा आधारित भई औषधी दान वा उपहार प्राप्त गर्न सकिनेछ । यसका अतिरिक्त औषधी व्यवस्थापन विभागले तोकेको वा विश्व स्वास्थ्य संगठनको औषधी दान वा उपहार प्राप्त गर्ने सम्बन्धी निर्धारित मापदण्ड अनुरुप गर्नुपर्नेछ ।

१५. **आर्थिक व्यवस्थापन :** (१) अस्पताल फार्मेसीको अलगै खाता हुनेछ ।

(२) उपदफा (१) बमोजिमको खाताको सञ्चालन अस्पताल प्रमुख वा निजले तोकेको व्यक्ति र लेखा प्रमुखको संयुक्त दस्तखतमा सञ्चालन हुनेछ ।

(३) उपदफा (१) बमोजिमको खातामा देहायका रकम जम्मा हुनेछ ।

(क) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त रकम

(ख) दैनिक बिक्रीबाट प्राप्त रकम

(ग) नगरपालिकाबाट प्राप्त रकम

(४) फार्मेसी सञ्चालन समितिको सिफारिस र समितिको निर्णय विना उपदफा (१) बमोजिमको खातामा रकम अन्य प्रयोजनमा खर्च गरिने छैन ।

(५) प्रत्येक दिनको कारोवार रकम सोही दिन अथवा भोलिपल्टको मध्यान्ह सम्ममा बैंक दाखिला गरिसक्नुपर्नेछ ।

(६) फार्मेसीमा काम गर्ने करारका कर्मचारीहरुको तलबभत्ता लगायतको खर्च उपदफा (१) बमोजिमको खाताबाट मात्र व्यहोर्नुपर्नेछ ।

(७) .............................................

१६. **आय व्ययको हिसाब :** (१) प्रत्येक आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र फार्मेसीको आयव्ययको हिसाव गरिनेछ ।

(२) आय व्ययको हिसाब राख्दा नाफा भएको रकममध्ये नब्बे प्रतिशत रकम अस्पतालको मूल खातामा जम्मा गर्नुपर्नेछ ।

तर चौरजहारी नगर अस्पतालको हकमा नाफा भएको सम्पूर्ण रकम नगरपालिकाको संचित कोषमा जम्मा गर्नुपर्नेछ ।

(३) आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र आन्तरिक लेखा परिक्षण गराई सक्नुपर्नेछ ।

(४) अस्पताल फार्मेसीको लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

(५) प्रत्येक आर्थिक वर्षको अन्त्यमा फार्मेसीमा खरिद भएको अद्यावधिक परिमाण, बिक्री भएको परिमाण तथा बाँकी परिमाणको सन्तुलन परीक्षण तयार गर्नुपर्नेछ ।

१७. **ब्राण्ड तोकी सिफारिस गर्न नहुने** : विशेष औचित्य भएमा बाहेक बिरामीलाई खास ब्राण्ड तोकी सिफारिस गर्न हुदैन ।

१८. **अनुगमन तथा मूल्यांकन गरी प्रतिवेदन पठाउनुपर्ने** : अस्पतालमा फार्मेसी सञ्चालनको अवस्था एवं उक्त सेवालाई प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि अस्पताल तथा

चौरजहारी नगरपालिका

स्वास्थ्य कार्यालयहरुले चौमासिक रुपमा अनुगमन तथा मूल्याकंन गरी सोको प्रतिवेदन नगरपालिका तथा तालुक प्रदेश तथा संघीय मन्त्रालयको औषधी गुणस्तर निर्धारण शाखामा प्राप्त हुने गरी पठाउनु पर्नेछ ।

१९. **अस्पताल फर्मुलरी सम्बन्धी व्यवस्था** : अस्पतालले अस्पताल फर्मुलरीमा देहाय बमोजिमको व्यवस्था मिलाउनुपर्नेछ ।

(क) रोगीहरुको रोगको प्रकृती अनुसार अस्पतालका लागी आवश्यक पर्ने औषधी तथा औषधीजन्य सामग्री तथा पदार्थहरु र औषधीको डोसेज फर्मको सूची अस्पताल फर्मुलरी अद्यावधिक गरी राख्नुपर्नेछ ।

(ख) अस्पातल फर्मुलरीमा न्युनतम जानकारीका रुपमा औषधीको सूची, औषधीको मात्रा, बनावट र क्षमता साथै सञ्चय सम्बन्धी निर्देशन हुनुपर्दछ । थप जानकारीका रुपमा औषधीको प्रयोग गर्न सकिने वा नसकिने अवस्था, औषधीको नकरात्मकता प्रभाव, औषधी सेवन गर्दा अपनाउनुपर्ने सावधानी, औषधीको तुलनात्मक मूल्य आदी विवरण समावेश गर्नुपर्ने ।

(ग) अस्पताल फर्मुलरी तयार नभएसम्म औषधी तथा औषधीजन्य सामग्री तथा पदार्थको सूची तयार गरी कार्य गर्नुपर्ने ।

(घ) अस्पताल फर्मुलरीमा अत्यावश्यक औषधीको राष्ट्रिय सूचीमा समावेश भएका औषधीहरुलाई प्राथमिकता दिनुपर्ने ।

२०. **निजि अस्पताल सम्बन्धी विशेष व्यवस्था:** (१) नेपाल सरकारको स्वीकृत प्राप्त गरी सञ्चालनमा रहेका निजि, सहकारी, सामुदायिक, शिक्षण लगायतका गैरसरकारी क्षेत्रका अस्पतालहरुले पनि अनिवार्य रुपमा यस निर्देशिका बमोजिम आफ्नै फार्मेसी सेवा सञ्चालन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अस्पतालको हकमा विरामीहरुलाई प्रचलित मापदण्डका आधारमा अस्पतालमा आउने कुल विरामी संखयाको दश प्रतिशत अतिगरिब र असहाय विरामीलाई निःशुल्क औषधीसहितको उपचार उपलब्ध गराउनुपर्नेछ ।

२१. **फार्मेसी सञ्चालन सम्बन्धी सफ्टवेयर** : प्रत्येक अस्पताल फार्मेसीले मन्त्रालयले तोके बमोजिमको एकरुपता कायम हुने सफ्टवेयरको प्रयोग गर्नुपर्नेछ । यस्तो सफ्टवेयरमा एण्टीमाइक्रोवियल एवं लागु औषधीको विवेकपूर्ण प्रयोग र अभिलेखीकरण समेत सुनिश्चित गरिनेछ ।

२२. **निर्देशन दिन सक्ने** : यस निर्देशिकामा उल्लेख गरिएका बाहेक सबै अस्पतालहरुलाई नगरपालिका एवम् तालुक प्रदेश तथा संघीय मन्त्रालयले समयसापेक्ष फार्मेसी सञ्चालन सम्बन्धी विषयमा आवश्यक निर्देशन दिन सक्नेछ सो निर्देशन पालना गर्नु सम्बन्धीत अस्पतालको कर्तव्य हुनेछ ।

२३. **प्रचलित कानुन कमोजिम हुने** : यस निर्देशिकामा उल्लेख नभएका विषयमा प्रचलित कानुनमा लेखिए बमोजिम हुनेछ ।

गोरखी नगरपालिका

२४. **दण्ड सजाय :** (१) कसैले यस निर्देशिका विपरीत कार्य गरेमा प्रचलित संघीय, प्रदेश तथा नगरपालिकाको कानून बमोजिम सजाय हुनेछ ।

(२) कसैले यस निर्देशिका विपरित कार्य गरेमा उपदफा (१) मा उल्लेख भएको सजायका अतिरिक्त नगरपालिकाले कसूरको प्रकृति हेरी रु दश हजारदेखि पचास हजारसम्म जरिवाना गरी थप कारवाहीको लागि सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ ।

२५. **संशोधन तथा हेरफेर :** यस निर्देशिकामा उल्लेख भएका कुनै विषयको संशोधन तथा हेरफेर नगर कार्यपालिकाले गर्न सक्नेछ ।

**आज्ञाले,**
नाम : गोकुल ढुंगेल
प्रमुख प्रशासकीय अधिकृत

चौरजहारी नगरपालिका